## नीति तथा मार्गदर्शन

पौवादुङमा गाउँपालिकाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरुलाई मध्यनजर गर्दै "समस्या मुक्त सम्भावना युक्त " गाउँपालिका बनाउने संकल्प सहित यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

❖ **आर्थिक विकास सम्बन्धि नितिः-**"कृषिमा लगानी हाम्रो पौवादुङमामा ल्याउदैछौं सुनौलो विहानी"

**(क) कृषि/पशुः-**

- स्थानीय सरकार प्रथम आधुनिक कृषि कार्यक्रम
- निर्यातमुखि कृषि उत्पादनका लागि विउ विजन, मलखाद्य प्राङगरिक मलको प्रयोग र आधुनिक कृषि उत्पादनको लागि प्राविधिक सेवा सहितको व्यवस्था गरिनेछ ।
- फौजी किरा,सलहर अन्य प्रकारका किराको प्रकोपबाट बचाउन कृषकको साझेदारीमा किटनाशक औषधी र सामाग्री खरिद गरि वितरण गरिनेछ ।
- खाली (प्रयोग विहिन)जग्गामा कृषि कार्य प्रोत्साहनका लागि कृषकहरुसँगकोसाझेदारीमा भूगोल तथा माग अनुसारको फलफुल र नगदेवालीको लागि अनुदान व्यवस्था गरिनेछ । **एक गाउँ एक उत्पादन पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।**
- कृषि तथा पशुपालक समूहको समूह गठन गरीनेछ ।चक्लाबन्दी सामुहिक खेतीका लागिप्रोत्साहन गरिनेछ । उत्कृष्ट कृषक तथा पशुपालकलाई पुरस्कृत गरिनेछ ।
- "**एकघर एक करेसावारी खानामा ताजा तरकारी** कार्यक्रमलागु गरिनेछ ।
- कृषिमेला आयोजना गर्ने दुग्ध चिस्यान केन्द्र र कृषि उपज संकलन केन्द्रको पूर्वाधार तयार गरिनेछ ।
- नियमित पानी लाग्ने कुलो मर्मतका लागि मर्मत संभार कोषबाट खर्चको व्यवस्था गरिनेछ ।
- दुग्ध उत्पादनका लागि नश्ल सुधार र दुधालु घाँस तथा अन्य घाँस तथा उन्नत पशु विउ कृषक समूहलाई उपलब्ध गराइनेछ ।
- मौरीपालक कृषक समूहलाई तालिम र घारको व्यवस्था गरिनेछ साथै मौरीको लागि आवश्यक कच्चा पदार्थ उपलब्ध हुने फलफुल र विरुवा उत्पादनमा जोड दिइनेछ ।
- प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी,मल्चिङ प्लाष्टिक, थोपा सिँचाई,साना सिचाई, जुठेल्ना प्रयोगमा साझेदारीका लागि अनुदान दिइनेछ ।
- वडा स्तरीय संयन्त्र मार्फत अनुदानको अनुगमन गरी उत्कृष्ट सिफारिस गर्ने व्यवस्था गरिनेछ।
- आन्तरिक स्रोतबाट व्यहोरिने गरी कृषि प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।
- कृषि उपजको बजारीकरण गर्ने व्यवस्था गरिनेछ ।साविकको अण्डा र मासुमा आत्मनिर्भर कार्यक्रमलाई निरन्तरता दिदै उचित बिक्री वितरणको व्यवस्था गरिनेछ ।
- कृषक व्यवसायीकहरुले उत्पादन गरेका विभिन्न प्रकारका खाद्य पदार्थहरु संचित गरी बेमौसमी समयमा बिक्री वितरण गर्ने हेतुले कम्तीमा एउटा कोल्ड सेन्टर स्थापना गरिनेछ ।
- व्यावसायिक फर्महरुको वर्गीकरण गर्दै तालिम, तथा औषधीको व्यवस्था गरिनेछ साथै नियमित अनुगमन गरिने व्यवस्था मिलाइनेछ ।

## (ख) सहकारीः-

- हालचालु, निष्क्रय, सुषुप्त र विगठनको चरणमा रहेको सहकारीहरुलाई व्यवस्थित गर्दै सहकारीहरुलाई मर्ज गर्दै लगिनेछ ।
- पशुपालन,कृषि र निर्यात तथा उत्पादनमूलक सहकारी समूहहरुलाई प्रस्तावनाका आधारमा अनुदान दिइनेछ ।
- गरिवी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थाको रुपमा दर्ता तथा व्यवस्थापन गरी विउ कोषपरिचालन मार्फत रोजगारी सिर्जना गरिनेछ
- सहकारी संस्थाहरुको नियमितता तथा व्यवस्थापन गर्दै करको दायरामा ल्याइनेछ ।
- स्थानीय सहकारी विकास वोर्ड स्थापना गरी सहकारीहरुको समग्र व्यवस्थापन तथा नियमन गरिनेछ।

## (ग) उद्योग तथा वाणिज्यः-

- कृषिमा आधारित साना तथा लघु उद्योगमा अनुदान तालिमको व्यवस्था मिलाइनेछ ।
- स्थानीय उद्योगबाट उत्पादित सामाग्रीको बिक्री वितरण तथा निर्यातको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- महिला उद्यमीहरुलाई उद्यमशीलता सम्बन्धी शिक्षा दिइनेछ ।

## (घ) युवा रोजगारः-

- युवा रोजगारीका लागि रुपान्तरण पहल योजना मार्फत रोजगार परिचालन गरिनेछ ।
- सूचीकृत सबै बेरोजगार व्यक्तिलाई प्राथमिकता क्रमानुसार १०० दिनको रोजगारी प्रदान गरिनेछ ।रोजगारीमा खटाउने सन्दर्भमा एकल महिला, विपन्न वर्ग, दलित वर्ग, महिला तथा आदिवासी जनजातिलाई प्राथमिकता दिइनेछ र परिचय पत्र सहित रोजगारीमा खटाइनेछ ।
- कामको शिलशिलामा आयोजना स्थलमा दुर्घटना भई मृत्यु भएमा सात लाख सम्मको बिमा गरिनेछ साथै घाइते भएमा दुर्घटनाको प्रकृति हेरी अधिकतम एकलाख सम्मको उपचार खर्च उपलब्ध गराइनेछ । जसका लागि रोजगार सेवाकेन्द्र मार्फत राष्ट्रिय बिमा कम्पनी लि. र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सिफारिस गरिनेछ ।
- बेरोजगार ब्यक्तिको पारिश्रमिक बैंक खाता मार्फत हस्तान्तरण गरिनेन्छ ।जसका लागि अनिवार्य रुपमा सबै बेरोजगार व्यक्तिलाई नेपाल इन्भेष्टमेन्ट बैंकमा खाता खोल्न लगाइनेछ ।
- सूचीकृत बेरोजगार व्यक्तिलाई १०० दिनको रोजगारी प्रदान गर्न नसकेको खण्डमा बाँकी दिनको बेरोजगार सहायता भत्ता उपलब्ध गराइनेछ । यसरी बेरोजागर सहायता भत्तालिनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको मापदण्ड भित्रको हुनुपर्नेछ ।
- विश्व बैंकसँगको वित्तिय सहयोगमा सञ्चालन हुने युवा रोजागरीका लागि रुपान्तरण पहल आयोजना(संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ सँग अन्तर समन्वय गरी रोजगारी प्रदान गर्नुका साथै क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- रोजगार सेवा केन्द्रको सुदृढिकरण गरिनेछ ।

- स्थानीय तह पाँचौ वा सो सरहको एक जना प्राविधिक कर्मचारी सेवा करारमा लिइनेछ ।
- गुनासो सुनुवाईको व्यवस्था गरिनेछ ।
- अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ङ) <u>पर्यटन तथा साँस्कृतिक प्रवर्द्धनः-</u>**

- स्थानीय धार्मिक, साँस्कृतिक एवं प्राकृतिक रुपले मनोरम तथा सुन्दर स्थलहरुको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै प्रचार प्रसारको माध्यमद्वारा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्राई यस गाउँपालिका बासीको आय आर्जनमा अभिवृद्धि आउने तथा जिवनस्तर उकास्नमाटेवा पुर्याइनेछ।

## ❖ <u>सामाजिकविकासः-</u>

**(क)<u>स्वास्थ्यः-</u>**

- गाउँपालिकामा कम्तिमा १ वटा ल्याव सहितको स्वास्थ्य सेवा प्रवाहको आवश्यक व्यवस्था मिलाइनेछ ।
- कोरोना रोग नियन्त्रण नभए सम्मका लागि क्वारेन्टिनको लागि स्वास्थ्य चौकी भवनहरुलाई प्रयोग गरिनेछ ।
- खाद्य सुरक्षा, पोषण, मातृशिशु, स्वास्थ्य प्रजनन तथास्वास्थ्यका विगतका कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ ।
- आधारभूत औषधि तथा उपकरणको निरन्तर उपलब्धता गराइनेछ ।
- एम्बुलेन्स सुविधालाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य सेवाको गुणस्तरका लागि स्वास्थ्यकर्मीहरुलाई पर्याप्त तालिमको व्यवस्था गरीनेछ ।
- संचार (इन्टरनेटको व्यवस्था) पर्याप्त खानेपानी,सरसफाई र विद्युतीकरणको व्यवस्था गरीनेछ ।
- नियमित औषधी र स्वास्थ्य औजारको पुर्ण व्यवस्था गरीनेछ ।
- गाउँपालिकाको केन्द्र च्याङ्ग्रे स्वास्थ्य चौकी/मानेडाँडा स्वास्थ्य चौकीलाई ल्याव उपकरण सहितको व्यवस्थापन गरीनेछ ।
- Zoro Home Delivery कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ ।

**(ख) <u>शिक्षाः-</u>"गुणस्तरीय शिक्षा समान शिक्षा "**

- व्यवसायिक शिक्षा, नमुना तथा प्राविधिक शिक्षाको लागि प्रदेश र संघ सरकारसँग समन्वय गरिनेछ ।
- विद्यार्थी शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइनेछ ।
- सबै तहको शिक्षकहरुलाई तालिम व्यवस्था मिलाइनेछ ।
- विद्यार्थीहरुलाई पूर्व कक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीहरुको लागि दिवाखाजाको कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।
- सामुदायिक विद्यायलयका छात्राहरुको लागि स्यानिटरी प्याडको व्यवस्था गरिनेछ ।
- स्यानिटरि प्याड चेन्ज रोमको व्यवस्थापन गरिनेछ ।

- शिक्षण सिकाइलाई प्रभावकारी बनाउन र शिक्षकहरुको कक्षामा रहने समयावधि व्यवस्थित गर्न विद्यालयमा Teacher Time Task लागु गरिनेछ ।
- विद्यालयको दुरी, विद्यार्थी संख्या समेत हेरी विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान गर्ने तथा आधा घण्टा भन्दा बढी हिडनु पर्ने विद्यार्थीका लागि आवासीय व्यवस्था गरिनेछ ।
- विद्यालयहरुलाई प्रविधिसँग जडान गरी Monitoring गरिनेछ ।
- एकिकृत शिक्षा व्यवस्थापन सूचना प्रणालीका लागि IEMIS तालिमको व्यवस्था गरिनेछ ।
- सबै विद्यायहरुमा एक रुपता कायम गर्न शैक्षिक पात्रो निर्माण गरिनेछ ।
- आधारभूत तह (कक्षा ८) उत्तिर्ण परीक्षालाई व्यवस्थित गरिनेछ ।
- स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्त तयार गरी लागु गरिनेछ ।
- बाल विकासका लागि स्मार्ट टेलिभिजनको व्यवस्था गरिनेछ ।
- तथ्याङ्क निर्माण सुपरिवेक्षण गरी निर्माण गरिनेछ ।
- नमूना विद्यालय विकास कार्यक्रम तथा असल अभ्यासहरु आदानप्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- अभिभावक शिक्षक शिक्षा संचालन गरिनेछ ।
- गाउँपालिका अध्यक्ष जेहेन्दार छात्रवृति कार्यक्रम (माध्यमिक तह) छात्र १ छात्रा १ दलित छात्रा १ कार्यक्रम लागु गरिनेछ ।
- उत्कृटशिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- SEE उत्कृट विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- वार्षिक परीक्षाका प्रशनपत्रहरुको निर्माण पालिकाबाट गरिनेछ ।
- खेलकुद विकासका कार्यक्रमहरु पालिका स्तरीय गरिनेछ ।
- बालबिकासका सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- बालबिकास सहजकर्तालाई तालिमको व्यवस्था गरिनेछ ।
- इन्टरनेट फाइवर अप्टिक्स वितरण गरिनेछ ।
- कक्षागत तथा तहगत सिकाइ उपलब्धि पुरा गर्न नसकने बालबालिकाका लागि अतिरिक्त कक्षा संचालन गरिनेछ ।
- कक्षा ५ को परीक्षालाइ पालिका स्तरीय बनाइनेछ ।
- कम्प्यूटर शिक्षकको व्यवस्था गरिनेछ ।
- विद्यालयमा स्वास्थ्य सचेतना कार्यक्रम तथा शिक्षक तथा विद्यार्थीहरुलाई मास्क वितरण गरिनेछ ।
- साविकको गाउँपालिका स्तरीय शिक्षक व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँ शिक्षा ऐन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

**(ग)<u>खानेपानी तथा सरसफाइः-</u>**

- साविकको एक घर एक धारालाई पुरा गरिनेछ एवं मिटर जडान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- वडा नं. १ को साविक वडा नं. ५, ६ र ८ को सुख्खा ग्रस्त क्षेत्रहरुमा बृहत खानेपानीका लागि पुर्वाधार तयार गरी संचालनमा ल्याइनेछ ।

(घ)**खेलकुद तथा मनोरञ्जनः-**

- प्रत्येक वडामा कम्तीमा एक वटा खेलकुद मैदानको स्तरोउन्नती गरी व्यवस्थापन गरिनेछ ।
- खेलकुद प्रतियोगिताहरुको माध्यमबाट खेलाडी छनौट गरी राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई थप बजेटको व्यवस्था गरी व्यवस्थित ढंगले संचालन गरिनेछ ।
- खेलकुद समिति गठन गरी पालिकास्तरीय खेलकुद सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- भलिबल, फुटबल र ब्याडमिन्टन खेलको विकासका लागि तालिमको व्यवस्था गरिनेछ ।

(ङ)**लैंगिक समानता तथा सामाजिक समावेशिकरणः-**

- यस गाउँपालिका भित्र हुने आर्थिक विकास तथा पूर्वाधार विकास लगायत अन्य युवा रोजगार कार्यक्रममा पुरुष, महिला तथा आर्थिक रुपले विपन्न वर्गहरुलाई समेत समेटी विना भेदभाव सबैको समान सहभागिता तथा अवसरहरुमा पहुँचको सुनिश्चितता कायम गरिनेछ ।
- प्रदेश सरकार, करुणा फाउण्डेशन नेपाल र यस गा.पा.को संयुक्त लगानीमा अपाङ्गता रोकथाम तथा पुनरस्थापना कार्यक्रम संचालन गरिने छ सोका लागि सम्झौतानुसारको एक तिहाई बजेट बिनियोजन गरिनेछ ।

## ❖ पूर्वाधार विकास सम्बन्धी नीतिः-

**(क) सडकः-**

- तिवारीभञ्याङ्ग- मानेडाँडा-अधेरीघाट (पञ्चकन्या कृषि सडक) को नियमित स्तरोन्नतीका लागि प्रदेश सशर्त र समपुरक अनुदानबाट गा.पा. को सहकार्य समेतबाट गरिनेछ ।
- अन्तरस्थानीय तह जोड्ने रणनीतिक सडकहरुको विस्तृत अध्ययन प्रतिवेदन, IEE समेत गरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- वडाहरु जोड्ने अधुरा आयोजनाहरुलाई निरन्तरता दिदै बाह्रैमास सवारी आवागमन हुने व्यवस्था गरिनेछ ।
- साविकका गोरेटोबाटो, घोरेटो बाटोहरुलाई मर्मत र मानिस हिंडन लायकको बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चलान गरीनेछ ।
- पूर्वाधारजन्य आयोजनाहरुबाट आयोजनाको २% मर्मत संभार कोषमा र २% कन्टीन्जेन्सीवापत कट्टा गरी आयोजना संचालन गरीनेछ ।
- आयोजना संचालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम तथा कार्यशालाहरु संचालन गरिनेछ ।

**(ख) ग्रामिण विद्युतीकरणः-**

- विद्युत नपुगेका टोलवस्तीहरुमा विद्युत प्राधिकरण, प्रदेश सरकारसँग समन्वय गरी गा.पा. को समेत साझेदारीमा विद्युतीकरण कार्यलाई निरन्तरता दिइनेछ ।

- विद्युत विस्तार गर्न अधिक खर्च लाग्ने टोल वस्तीहरुमा वैकल्पिक उर्जा कार्यक्रमबाट न्यून आर्थिक अवस्थाका परिवारलाई पहिचान गरी Solar System जडान गरीनेछ ।
- साना जलविद्युत उत्पादन गर्न सकिने जलस्रोतको पहिचान गरी कार्य योजना तयार गरीनेछ ।

(ग) <u>सिचाँईः-</u>

- कृषकको साझेदारीमा साना तथा लघु सिँचाईका लागि पाइप वितरण, थोपा सिँचाईको लागि अनुदान र ठूला प्रकृतिका सिँचाई कुलो नियमित मर्मत संभार गरी खाद्य पदार्थ उत्पादनमा जोड दिइनेछ ।

(घ) <u>भवन तथा सहरी विकासः-</u>

- साविकका ६ वटा अधुरा, भवनहरुलाई यसै आ.व. को पहिलो चौमासिक भित्र पूरा गरी संचालनमा ल्याइने छ ।
- वडा नं. ३ को वडा भवन को DPRतयारगरी संघीय सरकार समक्ष समपूरक अनुदान का लागि सिफारिश गरीनेछ ।
- गाउँपालिका स्तरीय १५ सैयाको अस्पताल मानेडाँडामा निर्माण गर्न आवशयक थप समन्वय र व्यवस्था गरीनेछ ।
- वडा नं.३ को स्वास्थय चौकी भवन (ल्याव सहितको) निर्माणका लागि संघीय सरकारसँग विशेष अनुदान माग गर्ने IEE तथा DPRतयारका लागि आवश्यक व्यवस्था गरीनेछ ।
- कर्मचारी आवासका लागि चालु आ.व. भित्र सम्पन गर्ने गरी भवनका लागि आवश्यक रकम विनियोजन गरीनेछ ।

❖ <u>वातावरण तथा विपद व्यवस्थापनः-</u>

- कोरोना रोग व्यवस्थापन तथा नियन्त्रणका लागि क्वारेन्टीन, आइसोलेसनको पर्याप्त व्यवस्था गरीने, औषधी, परीक्षण किट र सुरक्षा कवजको पूर्णरुपेण व्यवस्था गरिनेछ ।
- कोरोनाबाट बच्ने उपाय सम्बन्धी जनचेतना र संक्रमण पश्चातको समाजिकीकरणको कार्यक्रम ल्याइनेछ ।
- यसै आ.व. भित्र नेपाली सेना समेतको सहायता लिई कम्तिमा २ वटा च्याङग्रे र मानेडाँडामा हेलीप्याड निर्माण गरिनेछ ।
- आपत्कालीन दुर्घटना तथा विपद उद्धारका लागि वडा स्तरीय उद्धार समिति निर्माण गरी उनीहरुलाई तालिम र सुरक्षा सामाग्रीको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको एम्वुलेन्स सेवालाई अझ प्रभावकारी र गुणस्तरीय बनाइनेछ ।
- कोरोना र अन्य प्रकारको विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषमा पर्याप्त रकमको व्यवस्था गरीनेछ ।
- क्वारेन्टिन, आइसोलेसन केन्द्रहरुमा पर्याप्त खानेपानी र शौचालयको सुविधा तथा विद्युतीकरण गरीनेछ ।

- **<u>सेवा प्रवाह र सुशासनः-</u>**
  - सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउँदै लागिनेछ ।
  - वडाकार्यालय र गाउँपालिका तथा माध्यमिक विद्यालयहरुमा CCTV Camera को व्यवस्था गरीनेछ ।
  - नागरीक वडापत्रको Digitalization गर्ने, आम्दानी तथा जिन्सी सफ्टवेयरको व्यवस्था गरीनेछ ।
  - सेवा प्रवाहका लागि आवश्यक कम्प्यूटर, प्रिन्टर, स्क्यानर प्राविधिक शाखाका लागि आवश्यक औजार उपकरणको पर्याप्त व्यवस्था गरीनेछ ।
  - सेवा प्रवाहका लागि पर्याप्त मात्रामा मोटरसाइकलको खरीद गरीने र पुराना मोटर साइकलको मर्मत तथा कामनलाग्नेलाई लिलामी गरीनेछ ।
  - पर्याप्तमात्रामा फर्निचरको व्यवस्था गर्नुको साथै शाखा विस्तारका लागि थप कक्षहरुको व्यवस्था गरीनेछ ।
  - कृषिलाई पहिलो प्राथमिकता दिने कार्यक्रमहरु भएकोले गर्दा चालु आ.व. भित्र कृषि तथा पशु क्षेत्र, शिक्षा क्षेत्रको गुरु योजना तयार गर्न पर्याप्त बजेट विनियोजन गरीनेछ ।
  - गाउँपालिका वडा र विषयगत शाखाहरुको गतिविधिका लागि स्थानीय रेडियो, पत्रपत्रिकाहरुसँग सहकार्य गरिनेछ ।
  - सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका कार्यक्रमहरु संचालनलाई निरन्तरता दिइनेछ ।
  - साविकका करारमा लिइदै आएको सेवाका अतिरिक्त १ जना ल्याव टेक्नीसियन २/२ जना पशु र कृषिको सहायक स्तरको जनशक्तिको व्यवस्थापन गरिनेछ ।
  - सामाजिक सुरक्षा कार्यक्रम, घटना शिविर संचालन गर्नुका अतिरिक्त Digitalization गरीनेछ ।